"रुपाको पहिचान सबै क्षेत्रमा सम्बृद्धिको अभियान"

# रुपा गाउँपालिकाको आर्थिक वर्ष २०७६/०७७

# को

# नीति तथा कार्यक्रम

## रुपा गाउँपालिका, कास्की

आदरणीय गाउँसभाका सदस्यज्यू सदस्य ज्यू, आमन्त्रीत महानुभाव, कर्मचारी एवं पत्रकार मित्रहरु एबंम् सम्पुर्ण उपस्थित मित्रहरु,

१. नेपालको संविधानले ब्यबस्था गरे  अनुसार घर गाउँको सकारको रुपमा स्थापित रुपा गाँउपालिकाको तेस्रो वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदाँ  अत्यन्त उत्साहित महसुस गरेको छु ।

२ नेपालको संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न भएका विभिन्न आन्दोलन तथा संघर्षहरुमा आफ्नो ज्यानको आहुति गर्नुहुने सम्पूर्ण ज्ञान अज्ञात सहिदहरु प्रति यस अवसरमा हार्दिक सम्मान प्रकट गर्न चहान्छु । तिनै संघर्षको उपजको रुपमा आज देशमा स्थानीय सरकारको रुपमा हामीले यहाँहरुको मर्म र भावनालाई यथार्थमा परिवर्तन गर्ने अवसर प्राप्त गरेको पनि पुनः स्मरण गर्न चाहान्छु ।

३. स्थानीय तहलाई संविधानले दिएको अधिकारलाई हामीले एक अवसरको रुपमा लिएका छौ । स्थानीय विकास र नागरिकका सरोकार अब हाम्रो काँधले आफै उठाउन पाउँदा हामी गर्व महशुस गर्दै विकास प्रति यहाँहरुको उत्कट अभिलाशा पुरा गर्न लागेका छौ ।

५. रुपा गाउँपालिकाको समृद्धि र विकास गर्न नागरीक अधिकार, सबैलाई समान अबसर, सबैको सम्मान सहितको स्तम्भमा आबद्ध गराउँदै सबल र समृद्ध रुपा गाउँपालिका निर्माण गरी **“रुपाको पहिचान सबै क्षेत्रमा समृद्धिको अभियान”** लाई अनुभूत र देखिने गरी सार्थक बनाउने छौं ।

६. रुपा गाँउपालिका गण्डकी प्रदेशको केन्द्र कास्की जिल्ला भित्रको सानो,सुन्दर तथा विकासको दृष्टिले सम्भावनाको उजागर नभएको एक विशिष्ट विशेषता भएको गाँउपालिकालाई सम्भाबना पहिचान  गरी विकासको गति लिएको अनुभूती गराउन सफल भएका छौं ।

७. संविधानले स्थानीय सरकारको रुपमा हामीलाई दिएको एकल अधिकार सूची, प्रदेश र केन्द्र सरकारको समन्वयमा कार्यन्वयन हुने साझा अधिकार सुचीले निर्दिष्ट काम कर्तब्य र अधिकारको पूर्ण परिपालन गर्दे , नेपाल सरकारले अन्तराष्ट्रिय मञ्चमा प्रतिबद्धता जनाएको दिगो विकासका लक्ष्यहरु प्रति ध्यान दिदै, संघीय सरकार,प्रदेश सरकारका नीति तथा कार्यक्रम प्रति चासो राख्दै हामीले हाम्रै स्थानीय नागरिको आम सरोकार प्रति चिन्तन गर्दै संघीय संसद सदस्य, प्रदेश सभा सदस्य ज्यू, रुपा गाँउपालिकाका राजनीति पार्टी प्रतिनिधि, बुद्धिजीवि,ब्यवसायी,,विज्ञहरु र आम नागरिकले दिएको सुझावलाई मध्यनजर गर्दै यो नीति तथा कार्यक्रम तर्जुमा गरेका छौं ।

**आदरणिय गाँउ सभा सदस्य ज्यूहरु**

८. अब म गत वषर्को संक्षिप्त समीक्षा गर्न चाहान्छु ।

- रुपा गाँउपालिकाका रणनीतिक महत्वका मुख्य सडकहरु मध्ये शिशुवा पोल्याङटार सडक खण्डमा हाल पिच गर्ने कार्य चलिरहेको छ ।
- रुपाकोट थुम्की सडक खण्ड पिच गर्ने कार्य सम्पन्न भै सकेको छ भने, वेगनास भोर्लेटार सडक खण्ड पिच गर्ने कार्य शुरु भै सकेको छ ।
- रुपा रिङरोड, हाङगे वाङगे , शिवचण्डी मोटरबाटो केन्द्र र प्रदेशको योजनामा समावेश गरी यसै बर्षबाट स्तरोन्नती तथा पिचको काम अगाडि बढाइएको छ ।
- रुपा गाँउपालिकाको केन्द्र फालभञ्जाङ जोड्ने रामकोट रामदी स्तरोन्नति गरी ५.१ कि.मी.अस्पाल पिच गर्नको लागि पूर्वाधार विकास कोष माननीय खगराज अधिकारी मार्फत १ करोड र अन्य गाउँपालिकाको संयोजनमा टेण्डर आव्ह्वान गरिएको छ ।
- गाँउपालिकाको सुविधा सम्पन्न भवन निर्माणको लागि डि.पि.आर.को कार्य सम्पन्न भई टेण्डर आव्ह्वान भै सकेको छ । जिल्ला समन्वय समितिले उपलब्ध गराउने स्रोतको पनि भवन निर्माणको लागि परिचालन गरिने छ । स्वास्थ्य इकाईका भवन सम्पन्न गर्न आवश्यक बजेट क्रमागत रुपमा छुट्याईएको छ । भने विद्यालयका भवनको लागि पनि क्रमागत रुपमा योजनामा समावेश गर्ने ब्यवस्था गरिएको छ ।
- गाँउपालिका भरका काठे पोल विस्थापनको लागि आवश्यक बजेट विनियोजन गरि कार्य शुरु गरिएको छ । वैकल्पिक उर्जा मार्फत सिँचाई र खानेपानीका योजना सञ्चालन हुने ब्यवस्था गरि कार्य अगाडी बढीसकेको छ ।
- गाउँपालिकाले निर्दिष्ट गरेको लक्ष्य अनुरुप रुपा गाउँपालिका भरि २ वर्षभित्र एक घर एक धारा कार्यक्रम सम्पन्न गर्नका लागि गाउँपालिकाले ४२ खानेपानी योजनालाई प्राथमिकतामा राखी बजेट विनियोजन गरेकोमा हालसम्म २२ योजनाहरु सम्पन्न भइ सकेका छन् भने बाँकी २० योजनाहरु अन्तिम चरणमा रहेका छन् ।
- खानेपानी योजनाका लागि केन्द्र र प्रदेश सरकारबाट १६ ठूला खानेपानी आयोजनाहरु संचालनमा रहेका छन् ।
- रुपा गाउँपालिका भित्र खानेपानीको समस्यालाई मध्यनजर गर्दै ५० औं बर्षसम्म पुग्ने गरी मादी गाउँपालिकाको थाक र चिप्ली बाट पानी ल्याउनका लागि डि.पि.आर कार्य अगाडि बढि रहेको छ ।

- रुपा गाउँपालिका भित्र एक घर एक धारा कार्यक्रम संचालन तथा सम्पन्न गर्नका लागि बोलपत्र आव्हवान मार्फत्  विभिन्न साईजका एकमुष्ठ रुपमा २,१७,२४० मि. एच.डि.पि.ई पाईप खरिद गरी निर्माण कार्य अगाडि बढाईएको साथै वितरण गरिएको छ ।
- पर्यटनको सम्भावना बोकेको यस गाउँपालिकाभित्र हात्तिमैता भ्यू टावर, स्याक्लुङ्गकोट भ्यू टावर सम्पन्न भै संचालनमा आएको छ भने अन्य स्थानहरुमा भ्यू टावरहरुको निर्माण कार्य चलिरहेको छ ।
- आन्तरिक तथा बाह्य पर्यटनलाई प्रबर्द्धन गर्नका लागि विभिन्न स्थानहरुमा होमस्टे, फूटट्र्याक निर्माण गरिएको छ ।
- रुपा गाउँपालिका अन्तर्गतका ५ वटै स्वास्थ्य संस्थाहरुमा  ल्याब असिष्टेण्ट सहितको प्रयोगशाला स्थापना गरिएको छ ।
- गाउँपालिका अन्तर्गतका ३ वटा स्वास्थ्य संस्थामा दन्त सेवा संचालन गरिएको छ ।
- गा.पा. भरिका सुत्केरी हुने महिलालाई  प्रोत्साहन पोषण खर्च बापत रु. १००० दिने व्यबस्था गरि सकिएको छ ।
- गर्भवति तथा सुत्केरीहरुलाई क्याल्सियम वितरण कार्यक्रम संचालन गरिएको छ ।
- गाउँपालिकाभित्र सम्पूर्ण वडाहरुको माटो परीक्षण गरी अनुकूल अनुसारको मौसमी तथा बेमौसमी तरकारी खेती गर्नका  लागि पकेट क्षेत्रहरु छुट्याइएको छ । लागत अनुदानमा विउ विजन वितरण कार्यक्रम सम्पन्न भई सकेको छ । कृषकहरुलाई व्यबसायीमुखी बनाउन १०,००० फलफूलका विरुवा वितरण गरिएको छ भने व्यबसायिक रुपमा मौसमी तथा बेमौसमी तरकारी खेती गर्ने कृषकहरुलाई प्लाष्टिक टनेल वितरण गरिएको छ ।
- प्रदेश स्तरीय देशको पहिलो तथा नमूना सुचना प्रविधिमैत्री विद्यालय विश्वशान्ती मा.वि.लाई संचालनमा ल्याइएको छ ।
- सम्पूर्ण माध्यामिक विद्यालयहरुमा विधुतीय हाजिरीको व्यबस्था गरिएको छ ।
- सम्पूर्ण माध्यामिक विद्यालयहरुमा कम्प्यूटर ल्याब संचालनको लागि १० केवि को सोलार जडान गरिएको छ ।
- शिक्षक तथा कर्मचारीका छोराछोरीलाई सामुदायीक विद्यालयमा नै अध्ययन गर्नुपर्ने निर्णय कार्यान्वयन गरिएको छ ।
- आबश्यकताका आधारमा विद्यालयहरुलाई गाउँपालिकाको तर्फबाट अनुदान उपलब्ध गराईएको छ ।

- पाठ्यक्रम अनुरुपको तालिम प्रशिक्षण कार्यक्रम सम्पन्न गरिएको छ ।
- मासिक रुपमा गाउँपालिका तथा वडाबाट विद्यालयहरुको अनुगमन गरिंदै आएको छ ।
- आधुनिक शिक्षामा जोड दिई गा.पा. भित्रका ३ वटा माध्यामिक विद्यालयहरुमा प्राविधिक शिक्षा पढाइ हुँदै आएको छ ।
- गाउँपालिका भित्रका ७ वटै वडाहरुमा पशु स्वास्थ्य शिविर संचालन, उत्पादनमा आधारित अनुदान, निशुल्क औषधी वितरण, विभिन्न घाँसका विउ वितरण,नियमित गोबर परीक्षण जस्ता कार्यहरु सम्पन्न गरिएको छ ।
- मुख्यमन्त्री वातावरण मैत्री नमुना कृषि गाउँको कार्यक्रम वितरण भएको छ ।
- महिला सचेतना तथा अपाङ्गलाई शेल परिक्षण तथा कार्ड वितरण कार्यक्रम संपन्न भएको छ ।

**रुपाको संमृद्धिको आधार र मार्गचित्र**

७. रुपाको संमृद्धिको आधार वर्षको रुपमा यस वर्ष उत्पादनमूलक र लगानी मैत्री वातावरण सिर्जना गर्न प्रयाप्त ध्यान दिदै आवश्यक नीति तथा कार्यक्रम तयार गरिएको छ ।

८. जनताको आयस्रोत बृद्धिका लागि कृषि, पशु, खाद्य सुरक्षा,स्वच्छ खानेपानी, स्वास्थ्य, ,शिक्षा, पूर्वाधार विकास र सुशासनलाई मुख्य आधार मानी आवश्यक बजेट विनियोजन गर्ने निति लिइएको छ ।

**आर्थिक विकास**

- यस वर्ष गाउँपालिकाका नागरिकले रोजगारीको सिर्जना गर्नको लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सुरु गरिएको छ । आगामी वर्ष सो कार्यक्रमलाई रुपाको विकास सँग जोड्दै उद्ययन, सिंडी बाटो तथा अन्य विकासका कार्यसंगै रोजागरीमा जोडिनेछ ।
- रुपा गाउँपालिका भित्र व्यबसाय गर्न चाहने **युवालाई विना धितो न्यून ब्याजदरमा सामुहिक ऋण दिने ब्यवस्था गरी पेशा अनुसारको तालिम तथा सीपको विकास गर्ने नीति लिइएको छ । यस कार्यक्रमले विदेशीएका युवाहरुलाई स्थानीय स्तरमा पेशा तथा ब्यबसाय गर्न सहज हुने लक्ष्य लिइएको छ ।**
- रुपा गाउँपालिका भित्र रहेका बाँझो जग्गालाई ब्यवस्थापन गर्न भूमि बैंक मार्फत् जग्गा ब्यवस्थापन गरी लिजमा लिने ब्यवस्था मिलाईएको छ । **जग्गा चक्लाबन्दी गर्नको लागि ५०% अनुदानको ब्यवस्था मिलाईनेछ** । चक्लाबन्दी गरेको जग्गामा अनिवार्य ब्यवसायिक खेती गर्नुपर्ने छ । बाँझो जग्गालाई डबल कर लिने नीतिलाई निरन्तरता दिएको छु ।

- यस गाउँपालिका पर्यटकीय क्षेत्रको रुपमा अत्यन्त संम्भावना भएको क्षेत्र हो । गाउँपालिका भित्र पर्ने पर्यटकीय महत्वका स्थानलाई व्यवस्थित गर्दै सवै वडाहरुमा रहेका महत्वपूर्ण साँस्कृतिक, सामाजिक र पर्यटकीय क्षेत्रलाई छुने गरी **वृहत् अन्तराष्ट्रिय शान्ति पार्क** निर्माणको लागि विस्तृत कार्ययोजना बनाई कार्य अगाडि बढाईनेछ ।
- जसले रुपा गाउँपालिकाका महत्वपूर्ण पर्यटकीय डाँडाहरुमा जोड्ने गरी आकर्षक सिंढी बाटो सहितको विभिन्न देश विदेशको शहिदहरुका साथै स्थानीय संस्कृती झल्कने बृहत् शान्ति पार्क निर्माण गरी महत्वपूर्ण पर्यटकीय क्षेत्र निर्माणको कार्य शुरु गरिनेछ । प्रदेश सरकारले घोषणा गरेको २०२० पर्यटन बर्ष कार्यक्रमलाई पर्यटक भित्राउन सहयोग गर्ने लक्ष्य लिएको छ । साथै सांस्कृतीक विविधता अनुसारको होमस्टे निर्माण गर्दै ठूला तथा साना पर्यटन ब्यवसायी मैत्री वातावरण निर्माण गरिनेछ ।

- रुपा गाँउपालिका भित्र रहेका महत्वपूर्ण पर्यटकीय क्षेत्रका पूर्वाधार विकासको लागि बजेट विनियोजन गरिने छ । भने पर्यटनलाई स्थानीयको आय आर्जनको माध्यम बनाउने उदेश्यले विभिन्न स्थान (चिसापानी, मरज्याङकोट, खडागाँउ, कुमालगाँउ, तालबेशी, भंगरा, भिरचोक, बराहथोक, जमलकुना, डिठ्ठागाँउ, मोहरीया, माझकोट, हंसपुर, हटिया आदि) गाँउहरुलाई होमस्टे को रुपमा विकास गर्ने कार्यक्रम राखिएको छ । साथै यसको लागि प्रदेश सरकार सँग पनि प्रयाप्त समन्वयको काम गरिने छ ।

- रुपाताल संरक्षण परियोजनासंग सहकार्य गर्दै स्वच्छ सफा र सुन्दर रुपाताल बनाउन पहल गरिनेछ ।
- दुग्ध उत्पादन, मासुजन्य र तरकारी उत्पादनमा आत्मनिर्भर गाँउपालिका बनाउने उदेश्यले निश्चित परिणाम भन्दा बढी मात्रामा यस्तो उत्पादन गर्ने कृषकलाई लागत सहभागितामा आधारित प्रोत्साहन गर्ने नीति लिइएको छ ।
- आर्थिक वर्ष ०७६/०७७ मा रुपा गाउँपालिकामा **कृषिको लागि विशेष वर्ष**को रुपमा मनाइने छ । गाउँपालिकाद्वारा गरिएको माटो परीक्षण र वातावरण अनुकूल बाली विज्ञको सुझाब अनुसारको **"एक गाउँ एक उत्पादन"** को कार्यलाई अगाडी बढाईनेछ । उत्पादन भएका कृषि जन्य तरकारी तथा फलफूल अर्गानिक बनाउनको लागि रुपा गाउँपालिका भरी सम्पूर्ण किसानलाई भकारो सुधार कार्यक्रममा ६०% अनुदानको ब्यवस्था गरिने छ । **पुर्ण भकारो सुधार युक्त गाउँपालिका घोषणा** गरिने छ ।

- बढ्दो किटनाशक औषधी तथा बिषादीको प्रयोगले जनताको स्वास्थ्यमा असर पर्ने भएकाले यस बर्ष अर्गानिक खेती गर्ने किसानलाई मात्र अनुदान दिने व्यबस्था मिलाईनेछ । मागमा आधारित आबश्यकता अनुसारको तालिमको व्यवस्था गरिनेछ ।
- गाउँपालिका भित्रका किसानहरुले उत्पादित वस्तु बजारसम्म पुर्‍याउन समस्या नहोस भन्ने हेतुले रुपा गाउँपालिकाको क्षेत्र मिलाई वडा नं. **३,६ र ७ मा १० टन क्षमताको चिस्यानकेन्द्र (कोल्ड स्टोर)** प्रदेश सरकार र स्थानीय तहको समन्वयमा राख्ने व्यबस्था मिलाइनेछ । कोल्ड स्टोरबाट बजारसम्म लाग्ने भाडामा समस्या नपरोस र उत्पादनमा आधारीत कृषक समूह/ सहकारी र फर्मले **मासिक २००० के.जी. भन्दा माथि लाग्ने तरकारी तथा फलफूल र २५०० लि. भन्दा बढी दूधको ढुवानी खर्च गाउँपालिकाले नै व्यहोर्ने व्यबस्था मिलाइनेछ ।**
- अनुदानको दुरुपायोग नहोस वास्तविक किसानहरुले मात्र अनुदान पाउन भन्ने उद्देश्यले यस वर्ष उत्पादनमा आधारित अनुदानको व्यवस्था मिलाईने छ ।
- किसानले व्यबसायिक रुपमा प्रयाप्त आम्दानी गराउनको लागि प्राकृतिक तथा कृत्रिम नश्ल सुधारको कार्यक्रम गर्नुको साथै मासिक रुपमा कृषि तथा पशुको प्रति वडा ३ वटा शिविर राख्ने व्यवस्था मिलाईनेछ । साथै नर्सरी विउविजनमा आर्थिक रुपले विपन्नहरुलाई लागत साझेदारी अनुदानको व्यबस्था गरिनेछ ।
- किसानको आम्दानी बढाउनको लागि व्यबसायिक खेतीलाई प्रोत्साहन गरी **आधुनिक यान्त्रीकरण गरी प्रति समूहमा उपकरणको प्रयोग गर्न ६०% अनुदानको व्यवस्था गरिनेछ ।**
- विगतका वर्षहरुमा जस्तै यस बर्ष पनि बाँदर नियन्त्रणको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- विउ विजन उन्नत जातको प्रयोग गरी एक वडा एक नर्सरी केन्द्र विकास गरिनेछ । किसानको व्यबसायलाई कम क्षति होस् भन्ने उद्देश्यले विपद् रोकथाम गर्नुका साथै बिमा कार्यक्रमलाई प्रभावकारी बनाईनेछ । जसका कारण किसानहरु व्यबसायिक खेती तथा पशुपालन गर्न प्रोत्साहन मिल्नेछ ।
- निर्वाहमुखी खेतीभन्दा व्यबसायिक तथा बढी आम्दानी गर्ने वातावरण बनाउनको लागि समूह सहकारी र सामुहिक फर्मलाई प्रोत्साहन गरिनेछ । **रुपा गाउँपालिकाको स्थानमा १ मोडेल बगैंचाको रुपमा न्यूनतम ३००० बोटको फलफूल बगैंचा निर्माण गरिनेछ ।** उक्त बगैंचा निजी तथा साझेदारी कार्यक्रमको रुपमा प्रयोग गरिनेछ ।
- वन तथा वातावरण जोगाउनको लागि रुपा गाउँपालिका भित्र रहेका सामुदायीक वन, निजी वन तथा सरकारी वनमा उत्पादन तथा रोजगारी संग प्रत्यक्ष संलग्न हुने खालका बोट विरुवा लगाउने र गाउँपालिका भित्र निर्माणाधीन सडकको छेउमा विरुवा रोपी सौन्दर्यकरण गर्ने कार्य अगाडी बढाईनेछ ।

- गाउँपालिकाभित्र प्रदेश र केन्द्रीय सरकारको समन्वयमा उद्योग ग्राम स्थापना गरी आधारभूत संरचना तयार पारी स्थानीय उत्पादनबाट तयारी बस्तु निर्माण गरिनेछ । जसको कारण बेरोजगारी युवाहरुलाई रोजगारीको अवसर सिर्जना गर्न सकिनेछ ।

आदरणिय गाउँसभाका सदस्यज्युहरु

**सामाजिक विकास**

- एक घर एक धाराको काम अन्तिम चरणमा रहेकाले गाउँपालिकाको ५० वर्षलाई पुग्ने गरी दीर्घकालीन स्रोत व्यवस्थापन गर्न बृहत् रुपा गाउँपालिकाको खानेपानीको कामलाई द्रुत रुपमा काम गर्नको लागि आवश्यक वातावरण सिर्जना गरी कार्य अगाडि बढाईनेछ ।

- स्वस्थ्य नागरीक नै रुपाको विकासका मूल आधार हुन् । जनताको स्वास्थ्यको हकलाई सुनिश्चितता गर्न सबै नागरीकको पहुँच पुऱ्याउनको लागि संघ सरकारको समन्वयमा स्वास्थ्य चौकी नपुगेका वडा नं.३ वडा नं.२ र तालबेंशीमा गाउँपालिका र केन्द्र सरकारको समन्वयमा स्वास्थ्य चौकी स्थापना गरी जनतालाई आफ्नै वडामा सेवा प्रदान गरिनेछ ।
- गर्भवती र सुत्केरी आमाहरुको स्वास्थ्य सुधार र बाल मृत्युदरलाई न्यूनीकरण गर्न हाम्रै स्वास्थ्य संस्थाबाट निशुल्क क्याल्सियम चक्की समेत निशुल्क वितरण हुने व्यवस्था मिलाइएको छ । गत वर्षबाट सुरु गरिएको स्वास्स्थ चौकीमा सुत्केरी गराउने आमालाईलाई रु १००० प्रोत्साहन खर्च दिने कार्यक्रमलाई पनि निरन्तरता दिएको छु । हरेक नागरिकलाई स्वास्स्थ बिमालाई अभिप्रेरित समेत गरिने छ ।
- आगामी वर्ष रुपा बासी अस्पतालको सेवा लिन बजार जान नपर्ने गरी विशेषज्ञ सहितको **वडा नं. ६ को रुपाकोट स्वास्थ्य चौकीलाई अस्पतालमा स्तरोन्नती गरी १५ सैयाको अस्पताल संचालन गरिनेछ ।**
- रुपा बासीले घरबाट बाटो सम्म विरामी पुऱ्याउनका लागि समस्या नहोस भन्ने उद्देश्यले **"एक टोल विकास संस्था एक स्ट्रेचर"** को व्यबस्था गर्ने नीति लिएको छु ।
- **गाउँपालिकाका जनताले स्वास्थ्य सेवा सर्वसुलभ रुपमा प्राप्त गर्नको लागि गाउँपालिकाले एम्बुलेन्स को ब्यवस्था गर्ने र गाउँपालिकाका स्वास्थ्य चौकीबाट गाउँपालिकाको अस्पतालसम्म पुऱ्याउनको लागि ५०% अनुदान दिने र गाउँपालिकाको अस्पतालमा उपचार हुन नसकेमा अस्पतालबाट पोखरा सम्म सहज रुपले पुऱ्याउनको लागि निशुल्क एम्बुलेन्स सेवा दिने व्यबस्था मिलाईनेछ । यो सेवा गाउँपालिकाको अस्पताल संचालन भएपछि हुनेछ ।**

- नियमित औषधी खरिद, दीर्घरोग नियन्त्रण, प्रयोगशाला परीक्षण स्वास्थ्य शिवीर जस्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- रुपा गाउँपालिकाको प्रमुख मेरुदण्डको रुपमा शिक्षालाई लिइएको छ । रुपा गाँउपालिकालाई शैक्षिक हवका रुपमा विकास गर्ने नीति लिइएको छ । जसको लागि यसै वर्ष तीन ओटा मा.वि. मा प्राविधिक शिक्षालय स्थापना गरिएको छ, भने विद्यालयको क्षमता र आवश्यकताको आधारमा अन्य विद्यालयमा पनि क्रमश विस्तार गरिने छ । विद्यालयको गुणस्तरीयता र प्रभावकारी अनुगमनलाई जोड दिइनेछ ।
- **गाउँपालिका भित्रका विद्यार्थीलाई मनोरञ्जनात्मक वातावरणमा सिक्ने व्यबस्थाका लागि सबै विद्यालयहरुमा बाल उद्यान राखिनेछ । जसले गर्दा वालवालिकाको पढाइ उल्लासमय वातावरणमा गुणस्तरीय र प्रभावकारी बन्नेछ।**
- **रुपा गाउँपालिका सबै विद्यालयबाट उत्पादित शैक्षिक जनशक्ति विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने क्षमता भएका उत्पादन गर्न, समयानुकुल  कम्प्यूटर शिक्षा दिनुको साथै सबै विद्यालयमा डेलिकेटेड इन्टरनेट सेवा जोडिनेछ ।**
- इ.सि.डि. कक्षाहरुलाई व्यवस्थापन गर्नका निमित्त बजेटको व्यबस्थापन गरिनेछ ।
- विद्यालयको शैक्षिक गुणस्तर सुधारको लागि प्र.अ.,शिक्षक तथा विद्यालयहरुलाई प्रोत्साहनका लागि पुरस्कृत, अंग्रेजी माध्यममा पठनपाठन, शैक्षिक क्यालेण्डर निर्माण, शिक्षक डायरी निर्माण, तालिम, डिजीटल साक्षरता विकासका कामलाई निरन्तरता दिइने छ ।
- दलित समुदायको परम्परागत पेशालाई संरक्षण र आय आर्जनमा उक्त पेशाको प्रयोगका निमित्त आधुनिकीकरण गर्नका लागि आवश्यक तालिम तथा कार्यक्रम राखिनेछ । साथै दलित, अल्पसंख्यक वर्ग कुमाल, बोटे जलारी, मुश्लिम, जनजाति, अपांग, सहिद परिवारको आय आर्जन अभिवृद्धि गर्ने उदेश्यले लागत सहभागितामा आधारित व्यवसायीकरण अनुदान तथा तालिमको ब्यवस्था मिलाईनेछ ।
- **लैंगिक सशक्तिकरण गर्ने उद्देश्यले उपाध्यक्ष सँग महिला उद्यमी कार्यक्रम संचालन गरिनेछ** । लक्षित झोला बुन्ने, बुटिक भर्ने, बच्चाका खेलौना निर्माण गर्ने, कानूनी सचेतना लगायतका तालिम तथा कार्यक्रमको ब्यवस्था गरिनेछ । बालमैत्री शासन प्रवर्द्धनका लागि गाउँपालिका र गैरसरकारी संस्थाको समन्वयमा कार्यक्रम गर्ने ब्यवस्था मिलाइएको छ ।
- अपांगहरुको आय आर्जन लक्षित गरी गाउँपालिका र गैरसरकारी संस्थाको समन्वयमा विभिन्न आयमूलक कार्यक्रम सञ्चालन गर्ने प्रवन्ध गरिनेछ ।

- “स्वस्थ नागरीक स्वस्थ समाज” भन्ने मूल नाराका साथ हरेक वडामा एक खेल मैदानको कार्यलाई व्यबस्थीत बनाउदै खेल क्षेत्रमा लाग्ने खेलाडिलाई तालिमको व्यबस्था गरी खेलाडी उत्पादनमा जोड दिइनेछ । स्थानीय तह स्थापना दिवसको अबसरमा गत बर्ष देखि संचालित अन्तर स्थानीय तह अध्यक्ष कप कार्यक्रम साथै अन्तर विद्यालय राष्ट्रपती रनिङ्ग सिल्डलाई निरन्तरता दिइने छ ।
- **रुपा गाउँपालिकामा रहेका जेष्ठ नागरिकहरु गाउँपालिकाका सम्पत्ति भएकाले उनीहरुको पारिवारीक दायित्व बोध गराउनको लागि पारिवारिक मिलान सचेतना कार्यक्रम संचालन गरिनेछ ।**
- **रुपा गाउँपालिका भित्रका ३ स्थानहरुमा (वडा नं. ४, ५ र २ मा) बहुउद्देश्यीय जेष्ठ नागरिक दिवा मनोरञ्जन घर निर्माण गरिने छ ।**
- रुपाकोट स्थित गाउँपालिका स्तरीय वर्ने पोखरी खेल मैदानलाई ०७६/०७७ आर्थिक वर्षमा पूरा गर्ने नीति लिइनेछ ।
- **खेलकुदका सबै क्षेत्रलाई समेट्ने गरी विभिन्न विधाका खेलका पूर्वाधारहरु निर्माण गरिनेछ, जस अनुरुप रुपा गाउँपालिकाको वडा नं १ मा अन्तराष्ट्रिय स्तरको विच भलिबल कोर्ट निर्माण गरिनेछ ।**
- यस गाउँपालिका भित्र रहेका युवाहरुलाई **दक्ष जनशक्ति उत्पादनको लागि सबै वडाहरुमा मागको आधारमा सीपमूलक तथा आयमूलक तालिमको व्यवस्था गरिनेछ । गाउँपालिकाको विकास निर्माण, व्यवसायिक पशुपालन तथा कृषि, पर्यटन साना उद्योगमा युवाहरुलाई विशेष जोड दिने नीति लिईएको छ ।**
- रुपा गाउँपालिकाको वडा नं.३ पोल्याङ्गटार र वडा नं.७ को पिप्लेमा जनताहरुलाई सुरक्षा प्रत्याभूती गराउनको लागि केन्द्रीय सरकारसंग समन्वय गरी प्रहरी चौकी राख्ने नीति लिइएको छ ।

**पूर्वाधार विकास**

- बढी उब्जाउ गर्न खेतीयोग्य जमिनलाई पहिचान गरी विभिन्न ठाउँमा रहेका ठूला-ठूला फाँट, ठूला टार दरगाउँटार, टाकन्जाटार, पिप्लेटार, पोल्याङ्गटार, खाल्टे, विर्दी, तालबेंशी, आँपुखोला, देउराली फेदी लगायत ठूला फाँटहरुमा सिँचाईको व्यबस्थापनको लागि डि.पि.आर. गर्ने र प्रदेश र संघको समन्वयमा योजनामा संलग्न गर्ने उक्त फाँट तथा टारहरुमा सोलार सिँचाई, डीप, ट्युबेल तथा पाईप सिंचाई गरी साना कुला निर्माण तथा मर्मत गरी उत्पादकत्व बढाउने नीति लिइनेछ ।
- गाँउपालिकाका मुख्य टारहरुको सिँचाइको प्रवन्ध गर्न सोलार सिचाई प्रविधि भित्राइने छ । जसको लाीग समपुरक कोष मार्फत् गाउँपालिकाले लगानी गर्ने नीति लिइएको छ । यसका अलवा ठूला सिँचाईका

आयोजनाको लागि प्रदेश र केन्द्रसँग समन्वयमा बजेटको व्यवस्थापन गरिने छ । साथै साना सिँचाईको लागि आवश्यक बजेट गाँउपालिका र  वडास्तरमा नै विनियोजन हुने प्रबन्ध मिलाइने छ ।

- रुपा गाँउपालिकाका रणनीतिक महत्वका मुख्य सडकहरु शिशुवा पोल्याङटार, रुपाकोट थुम्की र वेगनास भोर्लेटार, रुपा रिङरोड, हाङगे वाङगे , शिवचण्डी मोटरबाटो केन्द्र र प्रदेशको योजनामा समावेश गरी यसै वर्षबाट स्तरोन्नति तथा पिचको काम अगाडि बढिसकेको छ । यसको गुणस्तरीयतालाई विशेष ध्यान दिइनेछ ।
- रुपा गाँउपालिकाको केन्द्र फालभञ्जाङ जोड्ने रामकोट रामादी स्तरउन्नती गरि पिच गर्नको लागि टेण्डर भै सकेको छ । यसै बाटोका लागि प्रदेश, संघ र सभासद्हरुद्धारा विनियोजन गर्ने क्षेत्र विकास कोषको समेत प्रर्याप्त रकम विनियोजनको लागि पहल गर्ने नीति लिइएको छ ।
- यस बर्ष सकभर नयाँ ट्रयाक नखोल्ने र भएकालाई स्तरोन्नती गर्ने नीति लिएको छ । जसको लागि गाँउपालिकाको स्रोतलाई नै व्यबस्थापन गरी स्रोत परिचालन गर्ने योजना बनाइएको छ ।
- गाउँपालिका भित्रका विद्युतीय लाइनमा भएको अधिकांश काठेपोलले विद्युत् प्रयोगमा अत्यन्त समस्या भएको छ । विद्युत् अबरुद्ध नहोस भन्ने हेतुले गा.पा. भित्रका सबै काठेपोल यसै बर्ष विस्थापन गरि काठेपोल मुक्त गाउँपालिका बनाउने नीति लिइएको छ । अब्यवस्थित तार तथा विद्युत् लाइन व्यवस्थित गरिनेछ ।
- गाँउपालिकाको सुविधा सम्पन्न भवन निर्माणको लागि केन्द्र सँगको समन्वयमा टेण्डर गरिएको छ । जिल्ला समन्वय समितिले उपलब्ध गराउने स्रोतको पनि भवन निर्माणको लागि परिचालन गरिने छ । स्वास्थ्य इकाईका भवन सम्पन्न गर्न आवश्यक बजेट क्रमागत रुपमा छुट्याइने छ । विद्यालयका भवनको लागि क्रमागत रुपमा योजनामा समावेश गर्ने ब्यवस्था गरिने छ । वडा भवन नभएको वडामा भवन निर्माण गर्ने व्यबस्था गरिनेछ ।
- स्मार्ट गाँउपालिका निर्माणको लागि डिजिटल सर्वे भैसकेको छ भने स्र्माट सेवा प्रवाह र गुरुयोजना यसै वर्ष सम्पन्न गरिने छ ।
- केन्द्र र प्रदेशको प्रयाप्त लगानी प्रोत्साहित गर्न गाँउपालिका भित्रका ठुला योजनाको विस्तृत परियोजना प्रतिवेदन बनाउने कुरामा जोड दिइनेछ । साथै ठुला योजना सञ्चालनको लागि समपुरक कोष मार्फत यथेष्ट बजेटको ब्यवस्थापन गरिनेछ ।
- गाउँपालिका भित्रका संभावित दीर्घकालीन योजना बहुउद्देश्यीय, अन्तराष्ट्रिय शान्ति पार्क, कोइलेनी हाइड्रो, बेगनास रुपाताल पम्प जलविद्युत आयोजना, रुपाताल परियोजना, बृहत फलफूल बगैंचा, बृहत रुपा गा.पा.को खानेपानी योजना विस्तृत प्रतिवेदन तयार गरी प्रदेश र केन्द्रको समन्वयमा कार्य प्रारम्भ गर्ने नीति लिईनेछ ।

**वातावरण तथा विपद् व्यवस्थापन**

- विपद्का दृष्टिले जोखिम क्षेत्रको पहिचान गरी आबश्यक बजेट तथा जनशक्ति व्यबस्थापन गरी विपद् बाट हुने क्षति न्यूनीकरण गरिनेछ
- गाउँपालिकामा विपद् व्यबस्थापन कोष खडा भई संचालनमा आइसकेको छ । विपद्को बेला खोज, उद्धार, राहत र पुनलाभ गर्न विपद व्यबस्थापन कोषमा रकम थप गरी विपद् पछिको उद्धार, राहत र पुर्नलाभमा खर्च गरिनेछ । साथै विपद् व्यवस्थापन तथा उद्धारका लागि हरेक वडामा तालिम संचालन गरिनेछ ।
- विकास निर्माणका काम गर्दा वातावरणमैत्री विकास गर्न जोड दिइने छ । जलवायु अनुकूलनका कार्यक्रम सञ्चालन गरिने छ ।
- वातावरण मैत्री स्थानीय शासनका मुलभूत मान्यतालाई आत्मसाथ गरिने छ । भु संरक्षण र जलाधार संरक्षणमा जोड दिइने छ ।
- बाढी पहिरो नियन्त्रणको लागि लागत सहभागितामा आधारित भई तारजालिको वितरण गरिनेछ ।
- सामुदायिक वनको संस्थागत विकासमा आवश्यक काम गरिनेछ ।

**सुशासन ,संस्थागत विकास, सेवा प्रवाह र विविध**

- रुपा  गाउँपालिकामा आगामी वर्ष सबै वडाहरुमा डिजिटल वडापत्रको व्यबस्था गरिनेछ ।
- सार्वजनिक सेवा प्रवाह र शुसासन नतिजामूलक व्यबस्थापनको  नितीलाई अबलम्बन गरी सेवा प्रबाहलाई नागरीक र विकासमैत्री बनाईनेछ ।
- सार्वजनीक सेवालाई पारदर्शी, जवाफदेही, उत्तरदायी र नागरीकमैत्री बनाइनेछ । गाउँपालिकाले प्रदान गर्ने सेवा सुविधाको गुणस्तर सुनिश्चित गरिनेछ । सुशासनका लागि सार्वजनिक सेवा प्रवाहलाई सरलिकृत गरिनेछ ।
- गाउँपालिकाको नियमित सार्वजनिक सुनुवाई र सामाजिक लेखा परिक्षणका कार्यक्रम संचालन गरिनेछ ।
- स्थानीय तहको बजेट तर्जुमा, खर्चको लेखाङ्कन र एकीकृत प्रतिवेदन गर्ने प्रयोजनका लागि  SuTRA लागु गरी लेखाङ्कन गरिनेछ ।
- सार्वजनिक सेवालाई विद्युतीय प्रणाली मार्फत संचालन गर्न जोड दिइनेछ ।
- जनताले पाउने न्याय सम्बन्धी सेवा पाउनकालागि न्यायीक पद्धतीलाई प्रभावकारी बनाइने छ । साथै हरेक वडाहरुमा मेलमिलाप कर्ता साथै मेलमिलाप केन्द्रहरुको स्थापना गरिने छ ।

- स्रोत साधनका अबैध र अत्याधिक दोहनको नियन्त्रण र व्यवस्थापन उपर्युक्त नीति बनाई व्यवस्थित गरिनेछ ।
- सेवा प्रवाहलाई प्रभावकारी बनाउन सबै जनप्रतिनिधी र कार्यरत कर्मचारीहरुको क्षमता अभिबृद्धि गरिनेछ ।
- विकास योजना तथा सेवा प्रवाहको कार्यान्वयन पक्षलाई प्रभावकारी, नतिजामुखी, गुणस्तरीय, जवाफदेही बनाउन अनुगमन र मूल्याङ्कन प्रणाली थप प्रभावकारी बनाइने छ ।
- डिजिटल भिलेज प्रोफाइललाई पूर्णता दिई सो को तत्थ्याङ्कका आधारमा लक्षित बर्गका कार्यक्रम संचालन गरिनेछ ।

**अन्त्यमा,**

समृद्ध रुपा बनाउनको लागि शुसासन पारर्दशिता जवाफदेहिता र विकासका निमित्त अन्य योजना समाबेश गर्दे **"सुखी नेपाली समृद्ध नेपाल"** बनाउन सबै क्षेत्रमा विकास गर्नको लागि सबै पक्षलाई समेटी प्रदेशको निती अनुसारको "समृद्ध प्रदेश र सुखी नागरीक" को उद्देश्य पूरा गर्न प्रदेश तथा केन्द्रको समन्वयमा स्मार्ट रुपाको विकास गरिने विश्वास दिलाउँदै नीति तथा कार्यक्रम बनाउनका लागि सहयोग गर्नुहुने जनप्रतिनिधी कर्मचारी, बुद्धिजीवि, राजनीतिक दलका प्रतिनिधि तथा रुपाबासी जनसमुदाय सबैलाई धन्यबाद ज्ञापन गर्दछु ।

धन्यबाद ।

**अध्यक्ष**
**(नवराज ओझा)**
**रुपा गाउँपालिका कास्की ।**